# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि बिकास शाखा
**लाकुरीभञ्ज्याङ, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

प.सं.:२०८२/०८३
सू.नं.: ०१

### झारनाशक विषादीहरू जथाभावी प्रयोग नगर्ने सम्बन्धि सूचना !

प्रकाशित मिति :२०८३/०४/२७

यस पालिका अन्तर्गतका विभिन्न भू-भागहरूमा पछिल्लो समय खेतबारी, सडक किनारा, तथा सार्वजनिक स्थलहरूमा झारपात नष्ट गर्नका लागि अत्यधिक र जथाभावी रूपमा झारनाशक रासायनिक विषादीहरू प्रयोग भइरहेको पाइएको छ। यसरी बिना परामर्श र अनियन्त्रित रूपमा झारनाशक विषादी प्रयोग गर्दा माटोमा रहेका लाभदायक सूक्ष्म जीवाणु र गड्यौला नष्ट भई माटोको प्राकृतिक उर्वराशक्ति तीव्र रूपमा ह्रास हुने, माटो कडा भई उत्पादन क्षमता घट्ने, वरपरका उपयोगी बालीनालीमा असर पुग्ने, खानेपानीका मुहान दूषित हुने तथा मानव स्वास्थ्य एवं पशुपन्छीमा गम्भीर दीर्घकालीन असर पर्ने जोखिम रहन्छ।

अतः माटोको स्वास्थ्य, उर्वराशक्ति र वातावरण संरक्षणका लागि तल उल्लेखित बुँदाहरू पूर्ण रूपमा पालना गरिदिनुहुन सम्पूर्ण कृषक, व्यवसायी तथा सर्वसाधारणमा हार्दिक अनुरोध गरिन्छ:

1. **माटोको उर्वरशक्ति बचाऔं (जैविक विधि अपनाऔं):** रासायनिक झारनाशकको सट्टा हातले गोडमेल गर्ने, ढाकछोप (Mulching) गर्ने, हलो/कुटो चलाउने वा हरियो मल प्रयोग गरी प्राकृतिक रूपमा झार नियन्त्रण गरौं।
2. **लाभदायक जीवाणुको संरक्षण:** जथाभावी विषादी प्रयोगले माटोको प्राङ्गारिक पदार्थ र जीवनचक्र नष्ट गर्ने भएकाले माटोको जैविक गुण जोगाउन झारनाशक प्रयोगमा निरुत्साहित बनौं।
3. **प्राविधिकको सल्लाह अनिवार्य:** विषादी प्रयोग गर्नैपर्ने बाध्यात्मक अवस्था आएमा पालिकाको कृषि शाखा वा प्राविधिकसँग परामर्श लिएर स्वीकृत विषादी मात्र तोकिएको मात्रामा प्रयोग गरौं।
4. **सार्वजनिक क्षेत्र र मुहानमा रोक:** सडक किनारा, कुलो, पोखरी र खानेपानीका मुहान नजिक झारनाशक विषादीको प्रयोग पूर्ण रूपमा वर्जित गरिएको छ।
5. **सुरक्षाका उपाय:** विषादी प्रयोग गर्दा पन्जा, मास्क, र सुरक्षात्मक पोसाकको अनिवार्य प्रयोग गरौं।

**नोट:** विषादी विष हो औषधी होइन।

०४/२६

एजिना अधिकारी
कृषि विकास शाखा प्रमुख

एजिना अधिकारी
कृषि विकास शाखा प्रमुख

"शिक्षा, पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"
Website: www.panchakanyamun.gov.np Email: panchakanya.ga.pa@gmail.com

CamScanner